# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष ४ गते २०१८ साल

### नेपाल लोकसेवा आयोगको विज्ञापन नं. ५५

विभिन्न मन्त्रालय, विभाग तथा अड्डाहरूमा हाल खाली भैरहेका र पछि रिक्त भै यस आयोगमा माग प्राप्त हुने आएमा समेत सिफारिश हुने गरी टाइपिष्ट पदको दोस्रो समूह ०१८।१९ को निमित्त प्रतियोगात्मक परीक्षा लिने भएको छ। योग्य उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आईपुग्नेगरी दरखास्त पठाउन वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरुदेखिको सक्कल प्रमाणपत्रहरूको नक्कल र मार्कशीटको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नु पर्छ। पेश गरिएका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिन साथै लिई आउनु पर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी तल लेखिएको मितिमा यस आयोगसंग सम्पर्क राख्नु पर्छ। सम्पर्क नराखेमा परीक्षाको निमित्त अर्को सूचना गरिने छैन।

दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुनेहुंदा समयमा नै दरखास्त पठाउन सूचित गरिन्छ। साधारण तया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त (फी) तथा परीक्षा दस्तूर नभएको र म्यादनाघि दाखिल भएको दरखास्त उपर कुनै विचार हुने छैन।

बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूरसहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मको निमित्त ने. रू. ।१० दस पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

<u>बिवरण</u>

१. पद : टाईपिष्ट, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः नेपाली वा अंग्रेजी टाइपराइटिंग पास भै प्रमाण पत्र प्राप्त।

३. वांछनीय योग्यता : निजामती मध्यम वा एस्. एल्. सी. वा सो सरह पास वा सोभन्दा बढी योग्यता भएकालाई ग्राह्यता दिइने छ।

४. मासिक तलबको स्केलः तलब ने. रू. ५५। देखि ८५। सम्म।

५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति २०१८।८।२८।४

६. सम्पर्क मिति : २०१८।९।७।५ का दिन ४ बजे।

७. उमेर : उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको तथा ३५ बर्ष ननाघेको हुनुपर्छ।

आज्ञाले–
विनोदप्रसाद घिताल
लोकसेवा आयोग

१६८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।